गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः २९ | मितिः २०७८/११/२३

**भाग- १**

**गण्डकी गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गण्डकी गाउँपालिकाले गण्डकी खानेपानी बोर्ड स्थापना र ब्यवस्था गर्न बनेको (प्रथम संशोधन ऐन, २०७८_वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गण्डकी खानेपानी बोर्ड स्थापना र व्यवस्था गर्न बनेको (प्रथम संशोधन) ऐन, २०७८

**प्रस्तावना :** सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न गण्डकी गाउँपालिकाका बिभिन्न क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउन र खानेपानीको समुचित व्यवस्था गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चलान ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गण्डकी गाउँसभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "गण्डकी खानेपानी *सरसफाई तथा स्वच्छता बोर्ड स्थापना र व्यवस्था गर्न बनेको ऐन, २०७८ रहेको छ

१.२ यो ऐन गण्डकी गाउँपालिकाले राजपत्रमा प्रकाशन गरेको मिति देखी प्रारम्भ हुनेछ ।

## २. परिभाषाः

२.१. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

२.१.१ बोर्ड भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी खानेपानी बोर्ड सम्झनुपर्दछ ।

२.१.२ समिति भन्नाले दफा ८ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ ।

२.१.३ सेवा प्रणाली भन्नाले खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलाशय, त्यस्तो जलाशयमा जडान भएको पानी प्रशोधन वा शुद्धिकरण प्लान्ट, पानी आपूर्ति गर्न जडान भएको पाइप वा फोहोर पानी शुद्धिकरण गर्ने प्लान्ट, ढल निकासको व्यवस्था गर्नको लागि निर्माण गरिएको ढल निकास प्रणाली, उपकरण वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासँग आवद्ध भएको घर वा जग्गा समेतलाई जनाउँछ ।

२.१.४ तोकिएको वा तोकिए बमोजिम भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**नोटः प्रथम सशोधनद्धारा बुदा नं. १.१ (*) मा सरसफाई तथा स्वच्छता थप गरिएको ।**

## ३. बोर्डको स्थापनाः

३.१ गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्नको लागि गण्डकी खानेपानी बोर्डको स्थापना गरेको छ ।

३.२ बोर्डको कार्यालय गाउँपालिका कार्यालय रहेकै स्थानमा रहने छ ।

३.३ बोर्डको अन्य कार्यालयहरु आवश्यकता अनुसार गण्डकी गाउँपालिकाभित्र कुनै पनि स्थानमा रहन सक्नेछ ।

## ४. बोर्ड संगठित संस्था हुनेः

४.१ बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वसासित र संगठित संस्था हुनेछ ।

४.२ बोर्डको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्नसक्नेछ ।

४.४ बोर्डले व्यक्ति सरह आफ्नो नासिल उजुर गर्न र सो उपर पनि सोही नामबाट नासिल उजुर लाग्न सक्नेछ ।

## ५. बोर्डको काम कर्तव्य र अधिकारः

५.१ बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

५.१.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना तर्जुमा गर्ने र योजना कार्यान्वयन गर्ने गराउने,

५.१.२ खानेपानीको स्रोत तथा वितरण र ढल निकास सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने,

५.१.३ खानेपानीको स्रोतदेखि वितरण स्थल सम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गर्ने,

५.१.४ खानेपानी तथा ढल निकास सम्बन्धी कामको लागि आवश्यक निर्माण कार्य गर्ने गराउने,

५.१.५ खानेपानी तथा ढल निकास सम्बन्धमा केन्द्र सरकार, प्रदेश सरकार वा अन्तरराष्ट्रिय तथा राष्ट्रिय संस्थाहरुसँग भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने,

५.१.६ गण्डकीगाउँपलिकाले तोकिदिएका खानेपानी तथा ढल निकास सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने,

५.१.७ महसुल तथा शुल्क आदि लिई खानेपानी वा ढल निकासको सुबिधा उपलब्ध गराई सेवा प्रदान गर्ने,

५.१.८ खानेपानीको उपयोग तथा ढल निकासको प्रयोग सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने,

५.१.९ खानेपानीको दुरुपयोग हुन नदिने,

५.१.१० खानेपानीको प्रदुषण नियन्त्रण गर्ने,

५.१.११ खानेपानी तथा ढल निकासको पाइप लाईनहरुको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने,

५.१.१२ कुनै कारणले धारामा पानी नआएको सूचना बोर्डलाई प्राप्त भएमा आवश्यक मर्मत गरी यथाशीघ्र सेवा उपलब्ध गराउने,

५.१.१३ बोर्डले आफ्नो सञ्चालन खर्च आफैं उठाउने,

५.१.१४ बोर्डको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

५.१.१५ *बोर्ड गठन भएपछि सम्वन्धित सरोकारवालाहरुले गाउँपालिकाभित्र सञ्चालन तथा व्यवस्थापन भइरहेको खानेपानी तथा सरसफाई सम्बन्धि सेवा र सो सँग सम्बन्धित सेवा प्रणाली, सम्पत्ति तथा दायित्व बोर्डलाई तोकिए बमोजिम हस्तान्तरण गर्नु पर्नेछ।

५.१.१६ *बोर्ड गठन गर्दाका बखत गाउँपालिकाभित्रका कुनै पनि सरकारी, नीजि वा गैह्रसरकारी निकायले खानेपानी सेवा उपलब्ध गराइरहेको भए त्यसको सम्पत्ति तथा दायित्व, सेवा प्रणाली समेत बोर्डलाई हस्तान्तरण गर्नु पर्नेछ ।

५.१.१७ *आयोजनाका संरचना तथा उपकरणहरु हस्तान्तरण भएमा सो आयोजना अन्तर्गत निर्मित संरचना, त्यसमा जडित उपकरण तथा सेवा प्रणाली बोर्डमा स्वतः सरेको मानिनेछ ।

५.१.१८ *बोर्डले दैनिक खानेपानी तथा सरसफाइको सञ्चालन, सामान्य मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी सम्वन्धित उपभोक्ता समिति वा अन्य कुनै नाफा वा गैर नाफामूलक संस्थालाई समय खुलाई हस्तान्तरण गर्न सक्नेछ ।

५.१.१९ *खानेपानी योजनाहरुको श्रोत तथा उपभोक्ता समितिहरुको दर्ता गर्ने गराउने ।

## ६. सञ्चालक समितिको गठनः

६.१ बोर्डको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरू भएको सञ्चालक समिति गठन गरिने छ :-

६.१.१ गाउँपालिका अध्यक्ष - अध्यक्ष

६.१.२ प्रमुख प्रशासकीय अधिकृत- - सदस्य

६.१.३ पुर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख - सदस्य

६.१.४ *खानेपानी उपभोक्ता समितिका प्रतिनिधिहरु मध्येबाट कम्तिमा एक महिला सहित गाउँपालिका अध्यक्षले तोकेका २ जना - सदस्य

६.१.५ *उपभोक्ताको हितको संरक्षणमा संलग्न उपभोक्ताहरूको संस्था तथा गै.स.स./नागरिक मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका कम्तिमा एक महिला सहित २ जना - सदस्य

६.१.६ खानेपानी गुणस्तर सम्बन्धी विशेषज्ञहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना - सदस्य

६.१.७ खानेपानीको व्यवस्थापन संम्बन्धमा अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको वा नियुक्ति गरेको व्यक्ति - सदस्य सचिव

६.२ गाउँपालिकाले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सञ्चालक समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

६.३ *समितिले आवश्यक देखेमा कुनै विदेशी वा स्वदेशी विशेषज्ञ वा सल्लाहकारलाई सञ्चालक समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्ने वा सल्लाकारको रुपमा मनोनय गर्न सक्नेछ ।

६.४ बोर्डको सञ्चालक समितिमा नियुक्त भएका सदस्यहरुको पदावधि नियुक्त भएको मितिबाट तीन बर्ष रहने छ । बोर्डले आवश्यकता देखेमा यस अघि नियुक्त भएका सदस्यहरुलाई पुनः एक कार्यकालका लागि नियुक्त गर्न सक्नेछ ।

६.५ *बोर्डको कार्यकाल ३ बर्षको हुनेछ ।

**नोटः प्रथम सशोधन द्बुरा बुदा न. ५.१.१५, ५.१.१६, ५.१.१७, ५.१.१८ र ५.१.१९(*) थप गरिएको ।**

६.६ *उपदफा (१) बमोजिम गठित बोर्डका निर्णयहरु कार्यान्वयन गर्ने गरी र समितिको सचिवालयको रुपमा काम गर्ने गरी परिच्छेद - ३ मा उल्लेख भए अनुसार काम गर्ने गरि एक खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाई कार्यालय स्थापना गरिने छ ।

**७.समितिको बैठक सम्बन्धी कार्यवीधि:**

७.१ समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

७.२ समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

७.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

७.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

७.५ समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

७.६ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

७.७ *बोर्डको बैठक कम्तीमा बर्षको ४ पटक बस्नेछ ।

**८. **कामकारबाही अमान्य नहुने :**

सञ्चालक समितिको कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र सञ्चालक समितिको कुनै कारबाही अमान्य हुने छैन ।

**९. उपसमिति गठन गर्न सक्ने:**

**नोटः प्रथम सशोधन द्धुरा बुदा न. ६.१.४, ६.१.५, ६.३,६.५, ६.६ र ७.७ (*) थप गरिएको तथा बुदा न. ८ (**) मा क भएकोमा सच्याइएको ।**

९.१ समितिले आफ्नो काम कारबाही सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ ।

**९.२** *बोर्डको वडा स्तरिय खानेपानी तथा सरसफाई समन्वय समितिसंगको समन्वय तथा कार्यबिभाजनः(ऐच्छिक)

९.२.१ हरेक वडामा एक वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति निम्न बमोजिम गठन गरिनेछ ।

| | |
|---|---|
| वडा अध्यक्ष | अध्यक्ष |
| महिला वा दलित सदस्य | सदस्य |
| उपभोक्ता समिति प्रतिनिधि दुई जना | सदस्य |
| प्रमुख प्रतिपक्ष राजनैतिक पार्टीको प्रतिनिधि | सदस्य |
| खा.पा.स.टे. | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

९.२.२ वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिका निम्न बमोजिम जिम्मेवारीहरु हुनेछन्:

क) खानेपानी तथा सरसफाई समन्वय समिति वडा अन्तरगतका सम्पूर्ण खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको सम्पर्क विन्दुको रुपमा रहनेछन् ।
ख) वडा कार्यालयहरुले वास इकाईसँग समन्वय तथा सहकार्य गरि सबै उपभोक्ता समितिहरु दर्ता भएका र गाउँपालिका स्तरिय सुचना प्रणालीमा आवद्द भएको सुनिश्चीत गर्ने छन् । यस प्रक्रियामा वडाभित्रका हालसम्म खानेपानीको सेवा पुग्न नसेकेका घरधुरिहरुको विवरण समेत योजना तर्जुमा एवं जल उपयोग गुरुयोजना अद्यावधिक प्रयोजनको लागि वास ब्यवस्थापन समितिमा पेश गर्नेछन् ।
ग) खानेपानीको महशुल निर्धारण गर्न उपभोक्ता समितिहरुसंग समन्वय गर्ने ।
गाउँपालिका स्तरीय बोर्डसंग निरन्तर सम्पर्क र समन्वयमा रही बोर्डको निर्णयहरु लागू गर्ने र प्रतिवेदन पेश गर्ने ।

**नोटः प्रथम सशोधनद्धारा बुदा न. ९.२ (*) थप गरिएको ।**

**१०. कर्मचारी सम्बन्धी व्यवस्थाः**

१०.१ बोर्डले आवश्यकता अनुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

१०.२ बोर्डको कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा संम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

१०.३ बोर्डको दैनिक प्रशासनिक कामकाज सदस्य सचिवले गर्नेछ ।

**११. समितिका सदस्य र संस्थानका कर्मचारी उपर प्रतिबन्धः**

समितिको सदस्य, बोर्डका कर्मचारी र सल्लाहकारले बोर्डसँगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हिस्सेदार हुन पाउने छैनन् ।

**१२. बोर्डको कोषः**

१२.१ बेर्डको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरू रहनेछन् :-

१२.१.१ गाउँपालिकाबाट प्राप्त रकम,

१२.१.२ अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

१२.१.३ बोर्डको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१२.१.४ खानेपानी वा ढल निकासको सुविधा पुऱ्याए बापत प्राप्त महसुल तथा सेवा शुल्क र अतिरिक्त शुल्क तथा जरिवानाको रकम,

१२.१.५ बोर्डलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१२.२ बोर्डको सबै रकम बोर्डको नाममा स्थानीय तहले कारोबार गरेको कुनै पनि बैंकमा खाता खोली जम्मा गर्न सक्नेछ ।

१२.३ बोर्डको तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा १२.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१२.४ बोर्डको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१३. बोर्डको लेखा र लेखापरीक्षण:**

१३.१  बेर्डको लेखा गाउँ कार्यपालिकाको स्वीकृति लिई समितिले निर्धारण गरेको ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१३.२  बोर्डको लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षक इकाइबाट हुनेछ ।

१३.३  गाउँ कार्यपालिकाले चाहेमा संस्थाको हिसाब किताब सम्बन्धी कागजातहरू र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**१४. जग्गा प्राप्त गर्ने:**

१४.१ बोर्डलाई देहायको प्रयोजनको लागि गाउँ कार्यपालिकाले प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गरी दिन सक्नेछ :-

१४.१.१ जल भण्डार (रिजरभ्वायर) *तथा अन्य संरचना निर्माण गर्न,

१४.१.२ खानेपानी तथा ढल निकास सम्बन्धी कुनै संरचनाको निर्माण गर्न,

१४.१.३ बोर्डको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य काम गर्न ।

**१५.सार्वजनिक वा निजी घर जग्गाबाट पाइप लाइन लैजान सक्ने:**

१५.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्दा सार्वजनिक वा कसैको निजी घर जग्गाबाट खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याई एक ठाउँबाट अर्को ठाउँमा लैजान आवश्यक भएमा बोर्डले सोही योजना अनुसार पाइप लाइन बिछ्याउन सक्नेछ ।

१५.२ बोर्डले उपदफा १५.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउँदा सार्वजनिक वा कसैको निजी घर जग्गामा सकेसम्म कम नोक्सान हुने गरी पाइप लाइन बिछ्याउनु पर्नेछ ।

**नोट: प्रथम सशोधन द्धुरा बुदा न. १४.१.१ (*) मा थप अन्य संरचना थप गरिएको ।**

१५.३ बोर्डले उपदफा १५.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउँदा हुन गएको नोक्सानी वापत *आवश्यकताको आधारमा घरजग्गाधनीलाई मालपोत कार्यालयको प्रचलित भाउ अनुसार क्षतिपूर्ति दिनु पर्नेछ वा नोक्सान हुन गएको घर जग्गाको मर्मत गरी यथास्थितिमा ल्याई दिनु पर्नेछ ।

## १६. काम कारबाही गर्न मनाही:

१६.१ कसैले पनि देहायमा लेखिएको कुनै काम कारबाही गर्न वा गर्न लगाउन हुँदैन:-

१६.१.१ खानेपानीको मुहान, जलभण्डार (रिजरभ्वायर) वा खानेपानी तथा ढल निकास सम्बन्धी अन्य कुनै संरचना विगार्न, तोडफोड गर्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

१६.१.२ खानेपानी प्रदूषण गर्न,

१६.१.३ बोर्डको अनुमति नलिई खानेपानीको पाइप लाइनबाट धारा जडान गर्न,

१६.१.४ बोर्डलाई सूचना नदिई खानेपानीको मिटर झिकी पानी उपभोग गर्न,

१६.१.५ खानेपानीको पाइप लाइनबाट कुनै यन्त्र जडान गरी पानी तान्न,

१६.१.६ खानेपानीको मिटर तोडफोड गर्न वा बिगार्न,

१६.१.७ बोर्डको स्वीकृति नलिई बोर्डको ढल लाइनमा ढलको निकास जोड्न वा ढल थुनिने गरी कुनै ठोस पदार्थ ढलमा फ्याँक्न वा राख्न,

१६.१.८ बोर्डद्वारा व्यवस्थित खानेपानी वा ढलको पाइप लाइन चोर्न, बिगार्न, नास्न वा त्यसमा क्षति पुऱ्याउन,

१६.१.९ ढल निकास वा मंगललाई भत्काउन, बिगार्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

**नोटः प्रथम सशोधन द्धुरा बुदा न. १५.३ (*) मा आवश्यकताको आधारमा थप गरिएको ।**

१६.१.१० खानेपानी तथा ढल निकास सम्बन्धी बोर्डले गर्ने काम कारबाहीमा बाधा बिरोध गर्न

१६.१.११. पानी वितरण गर्न वा ढल निकासको लागि बिछ्याइएको पाइप लाइनमा क्षति पुग्ने गरी कुनै निर्माण कार्य गर्न ।

**१७. सजायः**

१७.१ उपदफा १६.१.१ विपरीत काम कारबाही गर्ने गराउनेलाई बिगो असुल गरी पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१७.२ देहायको काम कारबाही गर्ने गराउनेलाई बोर्डले वा बोर्डले तोकेको दफा *९ बमोजिमको कुनै उपसमितिले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :-

१७.२.१ उपदफा १६.१.२ विपरीत काम कारबाही गर्ने गराउनेलाई पच्चिस हजार रूपैयाँसम्म जरिवाना,

१७.२.२ उपदफा १६.१.३ विपरीत काम, कारबाही गर्ने गराउनेलाई बिस हजार रूपैयाँसम्म जरिवाना,

१७.२.३ उपदफा १६.१.५ वा १६.१.६ विपरीत काम कारबाही गर्ने गराउनेलाई दश हजार रूपैयाँसम्म जरिवाना,

१७.२.४ उपदफा १६.१.७ विपरीत काम कारबाही गर्ने गराउनेलाई पाँच हजार रूपैयाँसम्म जरिवाना,

१७.२.५ उपदफा १६.१.८ वा १६.१.९ विपरीत काम कारबाही गर्ने गराउनेलाई त्यस्तो चोरिएको, बिग्रिएको वा नाशिएको सामानको बिगो बमोजिम जरीवाना गरी थप पाँच हजार रूपैयाँसम्म जरिवाना,

१७.२.६ उपदफा १६.१.४ वा १६.१.१० विपरीत काम कारबाही गर्ने गराउनेलाई तीन हजार रूपैयाँसम्म जरिवाना,

१७.२.७ माथि लेखिएदेखि बाहेक कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियम विपरीत हुने गरी कुनै काम कारबाही गर्ने गराउनेलाई कसूरको प्रकृति हेरी दश हजार रूपैयाँसम्म जरिवाना लगाईने छ ।

१७.३ उपदफा १६.१.११ विपरीतको कार्य गर्ने गराउनेलाई बोर्डले पाँच हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो निर्माण कार्य बोर्डले आफैं भत्काउन वा सो बनाउने व्यक्तिलाई नै भत्काउन लगाउन सक्नेछ। बोर्डले नै भत्काउनु परेमा सो भत्काउदा लागेको खर्च संस्थानले सम्बन्धित व्यक्तिसँग असूल उपर गर्नेछ।

## १८. पुनरावेदनः

उपदफा १७.२ बमोजिम दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदनदिन सक्नेछ र पुनरावेदन अदालतको निर्णय अन्तिम हुनेछ।

## १९. सरकारी बाँकी सरह असूल उपर गर्नेः

यस ऐन बमोजिम लगाइएको महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा दफा १८ बमोजिम बोर्ड वा उपसमितिले गरेको जरिवानाको रकम नबुझाउने व्यक्तिबाट बोर्डले त्यस्तो महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा जरीवानाको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

## २०. अधिकार प्रत्यायोजनः

२०.१ समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, समितिका कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०.२ अध्यक्ष वा महाप्रवन्धकले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## २१. गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेः

गाउँ कार्यपालिकाले बोर्डलाई समय समयमा निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

**नोटः प्रथम सशोधन द्वुरा बुदा न. १७.२(*) ९ हुनुपर्नेमा १० भएको र सच्याइएको।**

## २२. गाउँ कार्यपालिकाको अधिकारः

२२.१ बेर्डले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा गाउँ कार्यपालिकाले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।
२२.२ बोर्डले गर्नुपर्ने काम पूरा गरिसकेको छ वा बोर्डले आफूले गर्नु पर्ने काम, कर्तव्य वा आदेश वा निर्देशनको पालना गरेको छैन वा बोर्ड कायम राख्न आवश्यक छैन भन्ने गाउँ कार्यपालिकाले ठहऱ्याएमा बोर्डलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।
२२.३ उपदफा २२.२ बमोजिम बोर्ड विघटन भएमा सो बोर्डको हक तथा दायित्व गाउँ कार्यपालिकामा सर्नेछ ।

## २३. गाउँ कार्यपालिकासँग सम्पर्कः

बोर्डले गाउँ कार्यपालिकासँग सम्पर्क राख्दा पुर्वाधार विकास तथा भवन नियमन शाखा मार्फत् राख्नु पर्नेछ ।

## २४. नियम बनाउने अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

## २५. विनियम बनाउने अधिकारः

बोर्डले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक काम कारबाही सुव्यवस्थित गर्नको लागि गाउँ कार्यपालिकाको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

## २६. विघटनः

२६.१ गाउँपालिकाले वोर्डको आवश्यकता महशुस नगरेमा वा वोर्डले तोकिएको काम सम्मन्न गरी थप कामको आवश्यकता नभएमा गाउँपालिकाको निर्णयमा वोर्ड विघटन हुन सक्नेछ ।

२६.२ उपदफा २६.१ बमोजिम खानेपानी बोर्ड विघटन भएपछि सो बोर्डले गरि आएको काम कारबाही र हक तथा दायित्व स्वतः गाउँपालिकामा सर्नेछ ।

२७. ***खानेपानी, सरसफाई तथा स्वच्छता इकाइको व्यवस्था तथा काम कर्तव्यहरु :**

२७.१ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) बोर्डका निर्णयहरु कार्यान्वयन गर्ने र बोर्डको सचिवालयको रुपमा काम गर्ने गरी गाउँपालिकाको पूर्वाधार शाखा अन्तरगत रहनेगरी एक खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाई स्थापना गरिनेछ ।

**२७.२** खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ :

(क) बोर्डको योजना, नीति र कार्यक्रमहरुलाई सहयोग, कार्यान्वयन र अनुगमन गर्ने ।

(ख)वास गुरुयोजना, सम्पत्ति, कार्यावस्था, दिगोपना, क्षति आदिको प्रतिवेदन प्रणालीलाई आवधिक रुपमा अध्यावधिक गर्ने ।

(ग)नियमित रुपमा खानेपानी योजनाहरुको सञ्चालन तथा दीगोपनको अनुगमन गरी आवश्यक निर्देशन तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) वास आयोजनाको सम्पत्ति, सुचना, तथ्याङ्क, विमा र क्षतिको प्रतिवेदनहरुको व्यवस्थपान गर्ने ।

(ङ) आयोजनाहरुको सुची, योजनाको लागत, जनसंख्या, जाति/जनजाती आदि अद्यावधिक गर्ने ।

(च) खानेपानी उपभोक्ता समितिको व्यवस्थापन, दर्ता, नविकरण, अनुगमन र क्षमता अभिवृद्धि गर्ने ।

(छ) मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन, अनुगमन र क्षमता अभिवृद्धि गर्ने ।

(ज) आयोजनाको मर्मत सम्भारको लागि बजेट योजना तर्जुमा गर्ने ।

(झ) उपभोक्ता समिति वा अन्य निकायहरुसंग समझदारी गरी दैनिक सञ्चालन, व्यवस्थापन, नविकरण जस्ता कार्य गरी वास आयोजनाहरुको व्यवस्थापन गर्ने ।

(ञ) गरिबमैत्री महशुल निर्धारण, निश्चितता, राजस्व संकलन, बिल र विद्युतीय बिल भूक्तानीको अनुगमन गर्ने ।

(ट) पानीको गुणस्तर परिक्षणको लागि प्रयोगशाला स्थापना र सञ्चालन गर्ने ।

(ठ) उपभोक्ता समिति, मर्मत सम्भार कार्यकर्ता र सम्बन्धित व्यक्तित्वहरु मध्येबाट हरेक वर्ष उत्कृष्ट कार्यसम्पादन गर्नेहरुलाई पुरस्कृत गर्न मापदण्ड बनाई अनुगमन र मूल्याङ्न गर्ने ।

(ड)सार्वजनिक परिक्षण, होर्डिङ बोर्ड इत्यादीको माध्यमबाट आयोजना स्थल, उपभोक्ता समिति र विकास साझेदारहरुको सहभागितालाई प्रदर्शित गर्ने ।

(ढ) विस्तृत परियोजना प्रतिवेदन, हस्तान्तरण गरिएका वा स्विकार गरिएका कागजातहरुको अभिलेख राख्ने ।

(ण) नयाँ, पुनःस्थापना वा पुरै पुनःनिर्माणको लागि वडाहरुबाट माग प्राप्त गर्ने र

मूल्यांकन गर्ने ।
(त) सबै वास सरोकारवालाहरुसंग समन्वय गर्ने ।
(थ) वास समूह र सरोकारवालाहरुलाई तालिम दिने र क्षमता अभिवृद्धि गर्ने ।
(द) खानेपानी, स्च्छता तथा सरसफाई उपभोक्ताहरुको गुनासो सम्बोधन तथा व्यवस्थापन, टोल फ्री नम्बर, सार्वजनिक लेखापरिक्षण र सार्वजनिक सुनुवाइ, द्वन्द्व व्यवस्थापनमा बोर्डलाई सहयोग गर्ने ।
(ध) स्वीकृत कार्यक्रम बमोजिम संचालनमा रहेको खानेपानी, सरसफाई तथा ढल व्यवस्थापनका विकास कार्यक्रमको नियमित सञ्चालन र गुणस्तर सुनिश्चितताका लागि आवश्यक व्यवस्थापकीय र अनुगमनका कार्य गर्ने ।
(न) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने ।
(प) स्विकृत कार्यक्रम बमोजिम सञ्चालनमा रहेका र सम्पन्न भएका खानेपानी, सरसफाई तथा ढल व्यवस्थापनका विकास कार्यक्रमको नियमित प्रगति विवरण तयार गर्ने र बोर्ड समक्ष पेश गर्ने ।
(फ) गाउँपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि बोर्डलाई सही सूचना उपलव्ध गराउने ।

**२७.३ खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) खानेपानी, स्वच्छता तथा सरसफाइ (वास) इकाईको व्यवस्थापनका लागि समितिले गाउँ कार्यपालिकाको स्वीकृतिमा देहाय बमोजिम कर्मचारीको व्यवस्थापन गरिने छ ।

२) गाउँ कार्यपालिका कार्यालयले एकजना अधिकृत वा राजपत्र अनंकित प्रथम स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि प्राविधिक कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक, एकजना सूचना तथा प्रविधि सहायक तथा एकजना सामाजिक परिचालक सहितको वास इकाईमा गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।
३) यस कार्यबिधिमा अन्यत्र जे लेखिएको भएता पनि खानेपानी, सरसफाइ तथा स्वच्छता बोर्डले गाउँ कार्यपालिकाको स्वीकृति लिई आवश्यक कर्मचारी, जनशक्ति नियूक्त गर्न सक्ने छ ।

**नोटः प्रथम सशोधन द्धुरा बुदा न. २७(*) थप गरिएको ।**

२८ ***मर्मत सम्भार सम्बन्धि व्यवस्था :**

(१) खानेपानी तथा सरसफाइ योजनाको दिगो सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको तथा आवश्यक सहयोगको लागि गाउँ कार्यपालिकाले बोर्डको खातामा मर्मत सम्भार कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको मर्मत सम्भार कोषको सञ्चालन  वोर्डले गर्नेछ,

(३) बोर्डले संपत्ति व्यवस्थापन (Asstes Management) तथा मर्मत सम्भार योजना कार्यान्वयन गर्न मर्मत सम्भार कोषको परिचालन गरिने छ ।

(४) नियमित रुपमा खानेपानी तथा ढल निकासको पाइप लाईनहरुको आवश्यक मर्मत तथा सम्भार गर्ने सम्बन्धित उपभोक्ता समितिलाई परिचालन गर्ने गराउने ।

(५) कुनै कारणले धारामा पानी नआएको सूचना बोर्डलाई प्राप्त भएमा आवश्यक मर्मत गरी यथाशीघ्र सेवा उपलब्ध गराउने ।

(६) उपदफा (३) बमोजिम मर्मत सम्भार योजनालाई सामान्य र मूख्य मर्मत सम्भार क्रियाकलापमा वर्गीकरण गरि सामान्य मर्मत कार्यका लागि सम्बन्धित प्रणालिको उपभोक्ता समितिको कोष मार्फत वा आवश्यक श्रोत-साधन सहित परिचालन गर्ने गराउने छ वा बोर्डको नियमावलीले तोकिदिए बमोजिम हुनेछ ।

**नोटः प्रथम सशोधन द्धुरा बुदा न. २८(*) थप गरिएको ।**

## २९. *विभिन्न सरोकारवालाहरुको जिम्मेवारीहरु

| **जिम्मेवारी** | **गाउपालिका** | **खानेपानी बोर्ड** | **गाउँपालिका खानेपानी इकाई** | **वडा तथा वडा समन्वय समिति** | **खानेपानी उपभोक्ता समिति** |
|---|---|---|---|---|---|
| १.खानेपानी प्रणालीको तोकिएको संरचनागत सम्पतिहरु गाउँपालिकाले स्वामित्व ग्रहण गर्ने । | | | | | |
| २.गाउँपालिकाले सम्वन्धित उपभोक्ता समितिलाई खानेपानी प्रणालीको दैनिक सञ्चालन, मर्मत सम्भार जिम्मेवारी हस्तान्तरण गर्ने । | | | | | |
| ३. गाउँपालिकाले सम्वन्धित उपभोक्ता समितिको दर्ता, दर्ता नविकरण तथा समितिको कार्यभार निर्धारण गर्ने । | | | | | |
| ४. गाउँपालिकाले सम्वन्धित उपभोक्ता समितिलाई खानेपानी मुहानको दर्ता गरी कानुनी अधिकारको प्रत्याभूति गर्ने । | | | | | |
| ५. गाउँपालिका स्तरीय खानेपानी इकाइले नियमित रुपमा खानेपानी योजनाको अनुगमन गरी खानेपानी उपभोक्ता समितिको सकृयता तथा योजनाको सुचारुपनको सुनिश्चिता गर्ने । | | | | | |
| ६. खानेपानी इकाईका इन्जिनियरले उपभोक्ता समिति तथा खानेपानी योजनाको नियमित अनुगमनपछि उपभोक्ता समितिलाई कार्य दक्षता अभिबृद्धि तथा दीगोपनका लागी पृष्ठपोषण गर्ने । | | | | | |
| ७. खानेपानी इकाईले उपभोक्ता समितिलाई सरसफाइ तथा स्वच्छता अभिबृद्धि गर्न पृष्ठपोषण गर्ने । | | | | | |
| ८. खानेपानी इकाईले उपभोत्ता समितिले गरेको संकट तथा जोखिम सम्वन्धि अध्ययन तथा प्रतिकार्य योजना तथा कार्यान्वयनको अनुगमन गर्ने तथा आवश्यकताका आधारमा प्राविधिक तथा आर्थिक सहयोग गर्ने । | | | | | |
| ९. खानेपानी इकाइले गाउँपालिकाको वार्षिक बजेटमा मर्मत सम्भार कोषको व्यवस्था गर्ने । | | | | | |
| १०. गाउँपालिकाले उपभोक्ता समितिको कावुभन्दा बाहिरको ठुलाखाले मर्मत संभार तथा संरचना पुनरनिर्माणका लागी आर्थिक रुपमा जिम्मेवारी ग्रहण गर्ने । | | | | | |
| ११. गाउँपालिकाको न्यायिक समितिबाट खानेपानी समितिको मर्मत सम्भार सम्वन्धि मुद्दा तथा विषयमा न्याय सम्पादन गर्ने । | | | | | |

| जिम्मेवारी | गाउपालिका | खानेपानी बोर्ड | गाउँपालिका खानेपानी इकाई | वडा तथा वडा समन्वय समिति | खानेपानी उपभोक्ता समिति |
|---|---|---|---|---|---|
| १२. खानेपानी क्षेत्रको विस्तार गर्नु परेमा गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्ने । | | | | | |
| १३. खानेपानी योजनालाई दीगोपना प्रदान गर्न गाउँपालिकाले खानेपानी उपभोक्ता समितिको कार्य दक्षता, समिति व्यवस्थापन मोडेल, पानी महशुल संरचना, पानी सुरक्षा योजनाको नियमित रुपमा अनुगमन गर्ने । | | | | | |
| १४. गाउँपालिकाले उपभोक्ता समितिलाई स्थानीय कानून तथा नीति अनुरुप कार्य गर्न सुनिश्चित गर्ने । | | | | | |
| १५. खानेपानीको महशुल निर्धारण गरी अनुगमन तथा नियमन गर्ने । | | | | | |
| १६. खानेपानीको मासिक शुल्क उठाउने । | | | | | |
| १७. खानेपानीको दैनिक सञ्चालन, सामान्य मर्मत सम्भार गर्ने, हेरालुको व्यवस्थापन गर्ने । | | | | | |

नोटः प्रथम सशोधन द्बुरा बुदा न. २९ (*) मा विभिन्न सरोकारवालाहरुको जिम्मेवारीहरु थप गरिएको ।

आज्ञाले,

नामः जित वहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत